नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## श्रव्यदृश्य शाखा

सानोठिमी, भक्तपुर

### सूचीकृत हुनका लागि सूचना ।

(सूचना प्रकाशन मिति २०७८।०४।!# )

यस केन्द्रद्वारा परिवर्तित सन्दर्भ अनुरूप विद्यालय शिक्षाका स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई पूरक सामग्रीको रूपमा ICT को प्रयोगमार्फत गुणस्तरीय श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी रेडियो र टेलिभिजनबाट प्रसारण गर्नका लागि कक्षागत र विषयगत विज्ञ शिक्षकहरूको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहन्छौं । कक्षा १ देखि १० कक्षासम्म शिक्षण गर्नका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र कक्षा ११ र १२ का लागि सम्वन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त गरेका र विद्यार्थीहरूको स्तर, रूचि, उमेर समूह र क्षमता बमोजिम उत्प्रेरणा प्रदान गर्न सक्ने तथा विषयगत ज्ञान, सिप र कला कौशलसहित अन्तरक्रियात्मक शैलीमा ICT को प्रयोग गरी शिक्षण गर्नसक्ने देशभरका इच्छुक विज्ञ शिक्षकहरूले सूचीकृत हुन यही २०७८ साल भदौ १५ गतेभित्र रू.१०।- (दश) को टिकट टाँसी देहाय बमोजिम संलग्न गर्नुपर्ने विवरण आफैँले प्रमाणित गरी यसै साथ संलग्न ढाँचा बमोजिम निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ । सूचीकृत हुन चाहने शिक्षकले सम्पूर्ण कागजातको स्क्यान कपी इमेल ठेगाना cehrdvirtualclass@gmail.com मा पठाउन वा केन्द्रमा आफैं आई निवेदन दिन सकिने छ ।

**संलग्न गर्नुपर्ने विवरण :**

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

२. स्थायी/अस्थायी शिक्षक नियुक्ति पत्रको प्रतिलिपि

३. शैक्षिक योग्यता र तालिमका प्रमाण पत्रको प्रतिलिपि

४. सम्बन्धित कक्षा र विषय शिक्षण गर्दै आएको विद्यालयबाट प्रमाणित गरिएको पत्रको प्रतिलिपि

यस केन्द्रमा सूचीकृत भएका शिक्षकहरूले यस वर्ष पनि नवीकरण हुन चाहेमा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनु पर्नेछ । यस सम्वन्धमा थप जानकारीका लागि ९८५१२२६९९५, ०१-६६३८१५०, ०१-६६३०४५७ मा फोन सम्पर्क गर्न सकिनेछ ।